# शहिद लखन गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ७ मितिः २०७८ साल मंसिर महिना २१ गते


## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## सम्बत् २०७८ को कार्यविधि नं. - ९

# शहिद लखन गाउँपालिकाको आर्थिक सहायता व्यवस्थापन तथा वितरण कार्यविधि,२०७८

प्रमाणिकरण मितिः २०७८।०८।२१

**प्रस्तावनाः** गाउँपालिका क्षेत्र भित्र हुने प्राकृतिक तथा गैह्र प्राकृतिक विपद्मा परेका व्यक्ति, अति विपन्न, अशक्त, असहाय, दीर्घरोगी लगायतका व्यक्तिहरुलाई सामाजिक सुरक्षा प्रदान गर्न आवश्यक गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने नागरिकहरुलाई प्रदान गरिने आर्थिक सहायतालाई मितव्ययी, पारदर्शी र एकरुपता कायम गरी आर्थिक सहायता दिन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को

दफा १०२ र गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७६ को दफा ३१ बमोजिम शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "शहिद लखन गाउँपालिकाको आर्थिक सहायता व्यवस्थापन तथा वितरण कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात् लागु हुनेछ ।

(३) यो कार्यविधि शहिद लखन गाउँपालिका क्षेत्र भित्र मात्र लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "कार्यविधि" भन्नाले शहिद लखन गाउँपालिकाको आर्थिक सहायता व्यवस्थापन तथा वितरण कार्यविधि, २०७८ लाई सम्झनु पर्दछ ।

ख) "गाउँपालिका" भन्नाले शहिद लखन गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग) "कार्यपालिका" भन्नाले शहिद लखन गाउँपालिका गाउँ कार्यापालिकालाई सम्झनु पर्दछ ।

घ) "अध्यक्ष" भन्नाले शहिद लखन गाउँपालिकाको अध्यक्ष वा निजको काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शहिद लखन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

च) "गाउँ सभा" भन्नाले शहिद लखन गाउँपालिकाको गाउँ सभालाई जनाउँदछ ।

छ) "आर्थिक प्रशासन शाखा" भन्नाले शहिद लखन गाउँपालिकाको आर्थिक प्रशासन शाखालाई जनाउँदछ ।

ज) "आर्थिक सहायता" भन्नाले बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैह्र प्राकृतिक विपद्मा परेका व्यक्तिहरु लगायत अति विपन्न, अशक्त, असहाय, दीर्घरोगीबाट पीडित व्यक्तिहरुलाई तत्काल गरिने आर्थिक राहत सहायतालाई सम्झनुपर्दछ ।

झ) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम आर्थिक सहायता प्राप्त गर्ने व्यक्ति वा संघ संस्थालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## आर्थिक सहायताको परिचालन

**३. सहायता रकम :** आर्थिक सहायताका लागि गाउँ सभाबाट रकम विनियोजित गरिनेछ ।

**४. आर्थिक सहायताको मापदण्ड :** (१) गाउँपालिकाले आर्थिक सहयोग गर्दा तपसिलको मापदण्ड भित्र रही सहयोग उपलब्ध गराउन सक्नेछ ।

| क.सं. | आर्थिक सहयोग गर्ने क्षेत्र | सहयोग रकम | कैफियत |
|---|---|---|---|
| १ | घर गोठमा आगलागी भएमा | १०,०००-५०,००० | |
| २ | हावा हुरीका कारण घर गोठको छाना उडाएमा | १०,०००-२०,००० | |
| ३ | बाढी पहिरोका कारण घर गोठमा क्षति | १०,०००- | |

| क्र.सं. | आर्थिक सहयोग गर्ने क्षेत्र | सहयोग रकम | कैफियत |
|---|---|---|---|
| | पुगेमा | ५०,००० | |
| ४ | प्राकृतिक प्रकोप तथा दुर्घटना परी घाइते भएका व्यक्तिका लागि अस्पताल सम्म जान एम्बुलेन्स सेवा भाडा | ५,०००-१०,००० | |
| ५ | महामारी तथा प्रकोपमा परी मृत्यु भएका व्यक्तिको परिवारलाई काजक्रिया गर्न | २५,००० सम्म | |
| ६ | कुनै व्यक्ति वा परिवारको कुनै सदस्य दुर्घटना वा आत्महत्याको कारण मृत्यु भई शव उठाउन वा काजक्रिया गर्न नसक्ने भएमा वा गाउँपालिका क्षेत्र भित्र बेवारिसे शव फेला परेमा त्यसको सद्गत गर्न | ५,०००-१०,००० | |
| ७ | अशक्त, अति विपन्न दीर्घ रोगीहरुको उपचारका लागि | १०,००० सम्म | |
| ८ | विभिन्न संघ संस्था वा क्लबहरुलाई सामाजिक तथा सांस्कृतिक कार्यक्रम सञ्चालनका लागि अनुदान | ५,०००-५०,००० | |
| ९ | बेवारिसे अवस्थामा फेला परेका व्यक्तिहरुको तत्काल उद्धार गर्नुपर्ने भएमा | १०००० सम्म | |

| क्र.सं. | आर्थिक सहयोग गर्ने क्षेत्र | सहयोग रकम | कैफियत |
|---|---|---|---|
| १० | गाउँपालिकाको जनप्रतिनिधि वा कर्मचारीहरु कार्यालयको काममा आउँदा जाँदा दुर्घटना भई बिरामी वा घाइते भएमा वा अंगभंग भएमा वा मृत्यु भएमा | गाउँ कार्यपालिकाको निर्णयानुसार | |

२) उपदफा १ मा उल्लिखित सहयाता क्षेत्र भन्दा बाहेकपनि आवश्यकताका आधारमा सहायता उपलब्ध गराउन सकिनेछ ।

**५. सहायता माग गर्दा पेश गर्नुपर्ने कागजातहरु :** (१) दफा ४ बमोजिम आर्थिक सहायता माग गर्दा उपदफा २, ३ र ४ बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

२) प्राकृतिक विपद्बाट धनजनको क्षति भएमा पेश गर्नुपर्ने कागजातहरुः

क) निवेदन,

ख) सम्बन्धित वडा कार्यालयको सिफारिस,

ग) सम्बन्धित प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का,

घ) क्षति सम्बन्धी फोटो,

ङ) निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

च) विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिस ।

३) औषधी उपचारका लागि सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातहरुः

क) निवेदन,

ख) स्वास्थ्य संस्थामा स्वीकृत चिकित्सकले जाँच गरेका प्रमाणका प्रतिलिपि,

ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

घ) विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रामाणित सिफारिस ।

४) सामाजिक संघ संस्था वा क्लबहरुले आर्थिक सहायता माग गर्दा पेश गर्नुपर्ने कागजातहरुः

क) संघ संस्था वा क्लबको निवेदन,

ख) कार्यक्रम सञ्चालनको प्रस्तावना,

ग) कार्यक्रमको फोटोहरु,

घ) कार्यक्रममा भएका खर्चहरुको बिल भरपाई,

ङ) वडा कार्यालयको सिफारिस ।

६. **आर्थिक सहायताको निर्णय :** (१) दफा ४ (१) बमोजिमको सहायताका लागि दफा ५ बमोजिमको प्रक्रिया पूरा गरी सहयोग रकम माग भएमा रु. १०,००० सम्मको सहयोग रकमको हकमा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई सोझै तोक आदेश गर्न सक्नेछ । र प्रमुख प्रशासकीय अधिकृत मार्फत् आर्थिक प्रशासन शाखाले सम्बन्धित अनुदानग्राहीलाई रकम उपलब्ध गराइनेछ ।

२) उपदफा १ मा तोकिएको भन्दा माथिको आर्थिक सहायता रकम उपलब्ध गराउन परेमा गाउँ कार्यपालिकाको बैठकले निर्णय गर्नुपर्नेछ ।

३) दफा ५ बमोजिमको सहायता तत्काल उपलब्ध गराउनुपर्ने भएमा उपदफा १ बमोजिमको रकम भन्दा धेरै उपलब्ध गराउन पर्ने भएमा अध्यक्षले

प्रमुख प्रशासकीय अधिकृत मार्फत् आर्थिक प्रशासन शाखालाई सोझै तोक आदेश गर्न सक्नेछ। र त्यस्तो सहायता गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन गर्नु पर्ने छ।

४) उपचार सहयोगका लागि स्वास्थ्य शाखाको राय समेत लिन सक्नेछ।

५) तत्काल उद्धार गर्न आवश्यक भएमा र गाउँपालिकाको साधन स्रोतबाट सम्भव नभएमा कुनै सामजिक संघ संस्थालाई गाउँ कार्यपालिकाबाट अनुमोदन गर्ने गरी एकमुष्ट रकम आवश्यकताका आधारमा अध्यक्षको तोक आदेश मार्फत् उपलब्ध गराउन सक्नेछ।

६) दफा ४(२) बमोजिमको आर्थिक सहायता उपलब्ध गराउँदा गाउँ कार्यपालिकाको निर्णय बमोजिम गर्नु पर्नेछ।

## परिच्छेद-३

## विविध

७. **संशोधनः** यस कार्यविधिलाई गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्ने छ।

८. **बाधा अड्काउ फुकाउः** यस कार्यविधिको सम्बन्धमा कुनै दुविधा, अन्यौलता वा अस्पष्टता भएमा सो सम्बन्धमा स्पष्ट गर्ने र बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित रहने छ।

९. **खारेजी तथा बचाउः** यस भन्दा अगाडि भए गरेका आर्थिक सहायता सम्बन्धि कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधिमा व्यबस्था भएका कुराहरुको हकमा यसै कार्वयविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ र शहिद लखन गाउँपालिकाको आर्थिक कार्यविधि कानुन, २०७६

बमोजिम हुनेछ । प्रचालित कानुनसँग बाझिएमा वा बाझिएको हद सम्म आमान्य हुनेछ ।

आज्ञाले,
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत